# बेलबारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## बेलबारी, मोरङ्ग
## १ नं. प्रदेश

## ढुङ्गा, गिटी/मिक्स गिटी, वालुवा र भरौट उत्खनन् संकलन तथा विक्री गर्ने कार्यको E-BID ठेक्का बन्दोबस्ती सम्बन्धी ७ दिने सूचना

तेस्रो पटक प्रकाशित मितिः२०७७/१०/०८

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम बेलबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्रबाहेक ढुङ्गा, गिटी/मिक्स गिटी, बालुवा र भरौटको उत्खनन् संकलन तथा विक्री शुल्क अशुली गर्न तपशिल बमोजिमको खोलाहरुबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नुपरेकाले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरणभएको दर्ताप्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि कर तथा आ. ब. २०७६/७७ सम्मको कर चुक्ता प्रमाणित प्रतिलिपि प्रमाणपत्र पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल वमोजिम शर्तको अधिनमा रही बिधुतिय बोलपत्र आह्वान गरिएको छ ।

तपशिल

| सि. न. | ठेक्का नं. | ठेक्काको नाम | उठाउने क्षेत्र | उत्खनन् योग्य परिमाण (घन फिट) | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | BM/MOR/G/NCB-02/2077/078 | लोहन्द्रा खोलाको ढुङ्गा, गिटी/मिक्स गिटी, बालुवा र भरौट उत्खनन संकलन तथा बिक्री कार्य | केराबारी न.पा.र बेलबारी न.पा. लोहन्द्रा खोलाको संयुक्त IEE मा तोकिएका नाकाहरु र बेलबारी नगरपालिकाको एकल नाकाहरु | ढुङ्गा, गिटी/मिक्स गिटी: १०८१३२७४.५ | ६४८७९६४७.०७ | ५००० | |
| | BM/MOR/G/NCB-03/2077/078 | लोहन्द्रा खोलाको ढुङ्गा, गिटी/मिक्स गिटी, बालुवा र भरौट उत्खनन संकलन तथा बिक्री कार्य | बेलबारी न.पा., सुन्दर हरैचा न.पा., ग्रामथान गा.पा.र रंगेली न.पा. लोहन्द्रा खोलाको संयुक्त IEE मा तोकिएका नाकाहरु | ढुङ्गा, गिटी/मिक्स गिटी, बालुवा: १०८५५९९७.५८<br>बालुवा: १२४३९७०.४ | ७१०४४८४४.९ | ५००० | |

- नदीजन्य पदार्थ (ढुङ्गा, गिटी/मिक्स गिटी, बालुवा आदि) को दर प्रति क्यु.फिट (भ्याट बाहेक) रु.६।००
- नदीजन्य पदार्थ ( बालुवा) को दर प्रति क्यु.फिट (भ्याट बाहेक) रु.४।७५
- नदीजन्य पदार्थ ( भरोट) को दर प्रति क्यु.फिट (भ्याट बाहेक) रु.३।७५

**शर्तहरु**

१. बोलपत्र फारम दस्तुरको लागि रु ५०००।००(पाँच हजार) मात्रको यस कार्यालयको रा.बा.बैंक बेलबारी शाखाको आन्तरिक राजस्व खाता नं.२४३०१००३०१०१०००२ मा दाखिला गरि PPMO को वेभासाईट http://bolpatra.gov.np/egp मार्फत सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र बोलपत्र फारम https://bplpatra.gov.np/egp बाट डाउनलोड गर्न सकिने छ ।

२. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ८ औ दिन दिनको १२:०० बजेसम्म अनिवार्य online बोलपत्र दर्ता गराउनुपर्नेछ ।

३. बोलपत्र दर्ता भएको दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ र बोलपत्र खोल्ने समयमा बोलपत्रदताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।

४. बोलपत्रमा ठेक्का कबोल रकमको ५ प्रतिशतले हुने रकम बेलबारी नगरपालिकाको नाममा रहेको रा.बा.बैंक बेलबारी शाखाको धरौटी खाता हि.न. २४३०१००३०३००००००२ धरौटी खातामा जम्मा गरेको भौचर वा "क" बर्गको बाणिज्य बैकले यस कार्यालयको नाममा बोलपत्र नं. र नाममा जारी गरेको कम्तिमा १२० दिन सम्म म्याद भएको रितपूर्बकको बैक जमानत पत्र (बिड बण्ड)साथै बोलपत्रदाताले फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/७७ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपि र स्वःघोषण पत्र साथै ठेक्का जमानत पत्र र अन्य आवश्यक सम्पुर्ण कागजात scan copy अनिवार्य रुपमा अपलोड गर्नुपर्नेछ ।

५. प्रत्येक ठेक्काको छुट्टा छुट्टै बोलपत्र फारम खरिद गरी अलग अलग रुपमा बोलपत्र पेश गर्नु पर्नेछ ।

६. बोलपत्रदाताले आफूले कबोल गरेको ठेक्काको रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखी छाप लगाई पेश गर्नु पर्नेछ र केरमेट भएको, सही छाप नभएको, म्याद नाघी दर्ता हुन आएको बोलपत्र स्वीकृत गरिने छैन ।

७. बोलपत्र फारममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

८. बोलपत्र खरिद गर्ने वा दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त सो को लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ ।

९. शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र दाखिला र बोलपत्र खोलिनेछ ।

१०. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको १५)पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा ५ प्रतिशत धरौटी रकम जफत हुनेछ ।

११. बोलपत्रदाताले सम्झौता समयमा कबोल गरेको ठेक्का अंकको सम्पुर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशत रकम छुट सुविधा दिन सकिनेछ र किस्तामा रकम बुझाउने भएमा ठेक्का सम्झौताको समयमा बोलपत्रदाताले पहिलो किस्ता वापत कबोल अंकको ४० प्रतिशत यस कार्यालयमा राष्ट्रिय वाणिज्य बैक बेलबारी शाखामा रहेको संचित खाता नं.२४३०३०४०१८१०३ मुलकोष खातामा जम्मा गरेको सक्कल भौचर र बाँकी २ किस्ता मध्ये दोस्रो किस्ता ४० प्रतिशत बापत २०७७ फाल्गुण मसान्त र तेस्रो किस्ता २० प्रतिशत वापत २०७६ बैशाख मसान्त सम्ममा जम्मा गर्नु पर्नेछ साथै १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर रकम बोलपत्रदाता स्वंयले यस कार्यालयमा दाखिला गर्नुपर्नेछ तथा किस्तामा रकम बुझाउने भएमा बोलपत्रदाताले ठेक्का सम्भौता पछी बुझाउन बाकी ६० प्रतिशत बराबरको नगद रकम वा क बर्गको मान्यता प्राप्त बैकबाट २०७७ असार मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

१२. ठेक्काको अवधि सम्झौता अबधि देखि २०७८ जेष्ठ मसान्त सम्मको लागि मात्र हुनेछ यदि तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन भएको खण्डमा थप उत्खनन गर्न रोक लगाइने छ ।

१३. ठेक्का सम्झौता भइसकेपछि कुनै बन्द हडताल वा कुनै कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट मिनाहा माफि दिइने छैन ।

१४. नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री शुल्क प्रदेस सरकारले तोके बमोजिमको दरले संकलन गर्नुपर्नेछ ।

१५. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।

१६. बोलपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।

१७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

१८. बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मतभिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

१९. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ

२०. नदी वा खोला उत्खनन तथा संकलन गर्न नगरपालिकाको पुर्व अनुमति लिएरमात्र हेभि इकुमेन्ट प्रयोग गर्न पाइने छ ।

२१. नदीजन्य पदार्थ बिक्री शुल्क तथा प्राकृतिक धारा किनारा घाट कुल कुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी IEE ले तोके बमोजिम मात्र ढुङ्गा, गिटी, बालुवा र माटो उठाउन पाउनेछ ।

२२. नदिजन्य पदार्थ उत्खनन गर्दा नदीनालाको पुल (पक्कि झोलुंगे)को हकमा तल तिर १ कि.मि. र माथि तर्फ ५०० मि.सम्म नदिजन्य पदार्थ उठाउन पाइनेछैन ।

२३. प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही नदीजन्य पदार्थ उत्खनन् संकलन गर्नु पर्नेछ साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिबेदन यस बोलपत्रको अभिन्न अंग हुने छ ।

२४. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगी दर्ता भएको बोलपत्र माथी कुनै कार्बाही गरिने छैन ।

२५. ठेक्का तयारी तथा यससँग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनु पर्नेछ ।

२६. बोलपत्रदाताले आफ्नो खर्चमा उत्खनन् गर्ने खोलाहरुको नाका भ्रमण गर्न सक्नेछन् ।

२७. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

२८. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

२९. ठेक्का तथा विड डकुमेन्ट सम्बन्धि अन्य जानकारीको लागि बोलपत्रदाताले http://bolpatra.gov.np/egp मार्फत जानकारी प्राप्त गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# बेलबारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## बेलबारी, मोरङ्ग
## १ नं. प्रदेश

# BOQ

| सि. न. | ठेक्का नं. | उठाउने क्षेत्र | उत्खनन् योग्य परिमाण (घन फिट) | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | कबोल रकम रु.( कर बाहेक) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा | |
| १ | BM/MOR/G/NCB-02/2077/078 | केराबारी न.पा.र बेलबारी न.पा. लोहन्द्रा खोलाको संयुक्त IEE मा तोकिएका नाकाहरु ढुङ्गा, गिटी/मिक्स गिटी, बालुवा र भरौट संकलन तथा बिक्री कार्य | ढुङ्गा, गिटी/मिक्स गिटी, बालुवा १०८१३२७४.५ | ६४८७९६४७.०७ | | | |